श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :
च.नं. १२४९

मिति : २०७९।१।०४

विषय : <u>दण्ड जरिवानाको लगत अद्यावधिक गर्ने सम्बन्धमा</u>।

श्री जिल्ला अदालत सबै।

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगार न्यायाधिकरणको च.नं.२२०९ मिति २०७८।१२।२८ को प्राप्त पत्रानुसार वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका फैसलाले लागेको दण्ड जरिवानको लगतलाई व्यवस्थित गरी सम्बन्धित जिल्ला अदालतको सहज पहुँच पुर्‍याई फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने हेतुले उक्त न्यायाधिकरणले दण्ड जरिवानाको लगतसम्बन्धी सफ्टवेयरको निर्माण गरी स्थापनाकालदेखि हालसम्मका सबै दण्ड जरिवानाको लगत सफ्टवेयरमा प्रविष्टि गरिसकेको हुँदा उक्त सफ्टवेयरको सम्बन्धमा सम्बन्धित जिल्ला अदालतको तहसिल शाखालाई जानकारी गराई प्रविष्टि भएबमोजिमका लगत सम्बन्धित जिल्ला अदालतमा रहेको लगतको रेकर्डसँग भिडाई असुल भएको दण्ड जरिवानाको असुली देखाउने र लगत कस्न बाँकी रहेको वा छुट भएको वा अब उप्रान्त पठाइने दण्ड जरिवानाको लगत कसी सम्बन्धित जिल्ला अदालतको लगत अद्यावधिक गराउन पर्ने भएकोले वैदेशिक रोजगार न्यायाधिकरणबाट राखिएको दण्ड जरिवानाको लगत सम्बन्धित जिल्ला अदालतले सफ्टवेयरमा प्रविष्टि गरिएको लगत हेरी भिडाई, लगतमा कुनै अस्पष्टता, द्विविधा भएमा उक्त न्यायाधिकरणसँग समन्वय गरी सम्बन्धित जिल्ला अदालतमा रहेको त्यस न्यायाधिकरणको लगत अद्यावधिक गराउन ७७ वटै जिल्ला अदालतहरूलाई परिपत्र गर्ने गराउने व्यवस्थाका लागि लेखी आएको हुँदा सो सम्बन्धमा आवश्यक कार्यार्थ गर्न गराउन आदेशानुसार अनुरोध गर्दछु।

साथै, त्यस न्यायाधिकरणबाट राखिएको दण्ड जरिवानाको लगत सम्बन्धित जिल्ला अदालतले सर्वोच्च अदालतको वेबसाइटको Home page को लिंकबाट वा वैदेशिक रोजगार न्यायाधिकरणको वेबसाइट fet.gov.np को Home page मा रहेको दण्ड जरिवानाको लगत शीर्षकमा क्लिक गरी आफ्नो User name र Password राखी लगत हेर्न सकिने हुँदा सोको लागि प्रत्येक जिल्ला अदालतको User name र Password यसै पत्रसाथ छुट्टाछुट्टै इमेलमार्फत् पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

प्रविणा कटुवाल
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री वैदेशिक रोजगार न्यायाधिकरण।
श्री फैसला कार्यान्वयन निर्देशनालय।